



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epateekdaily.com






❖ वर्ष ३५ ❖ २०७९ वैशाख २५ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 May 08 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २४९


# गौरमा त्रिपक्षीय र राजदेवी नपामा दुई पक्षीय भीडन्त

प्रस, रौतहट, २४ वैशाख/

गौर नगरपालिकाका मेयर पदमा त्रिपक्षीय प्रतिस्पर्धा रहेको छ।

नेकपा एकीकृत समाजवादी पार्टीका मेयर उम्मेदवार शम्भु साह, नेपाली काङ्ग्रेस पार्टीका उम्मेदवार मोहन यादव र लोकतान्त्रिक समाजवादी पार्टीका मेयर उम्मेदवार अजयकुमार गुप्ताबीच प्रतिस्पर्धा रहेको स्थानीयवासीले बताएका छन्।



शम्भु साह



मोहन यादव



अजयकुमार गुप्ता



भिखारीराय यादव



अशू सिंह

एसका उम्मेदवार साह राजदेवी एफएमका सञ्चालक तथा समाजसेवा गर्दै आइरहेका छन् भने काङ्ग्रेसका उम्मेदवार यादव गौरीशङ्कर क्याम्पसका सञ्चालक हुन्। क्याम्पसमा गरीब जेहेन्दार विद्यार्थीहरूलाई शुल्कमा सहुलियत दिंदै आएका छन्। यादवका बुबा गौरीशङ्कर यादव गौर नगरपालिकाका मेयर पदमा निर्वाचित भएर कैयौं विकासका कार्यहरू गरेका छन्।

लोसपाका उम्मेदवार अजयकुमार गुप्ता निवर्तमान मेयर हुन्। २०७४ सालको निर्वाचनमा विजयी भई पाँच वर्ष गौर नगरपालिकाका मेयर पदमा विराजमान रहे। शाही शासनकालमा पनि मेयर निर्वाचित भएका थिए। रौतहटको क्षेत्र न १ मा सांसद पदमा चुनाव लडेका थिए। माधवकुमार नेपालसँग पराजित भएर स्थानीय चुनावमा विजयी भएका थिए। पाँच वर्षको विकासको मूल्याङ्कन जनता अहिले गरिरहेको छ।

गौर नगरपालिकाका मेयर पदमा नेकपा एमालेबाट अनिलकुमार मिश्र, जनमतबाट गङ्गाधर वर्मा, जनता समाजवादीबाट किरण ठाकुर र स्वतन्त्र उम्मेदवार अनिमेशकुमार मिश्र, सुबोध झाले उम्मेदवारी दिए पनि प्रतिस्पर्धामा तीनजना छन्। एसका उम्मेदवार साह, काङ्ग्रेसका उम्मेदवार यादव, लोसपाका गुप्ताबीच नै अन्तिम सङ्घर्ष हुनेछ।

यसैगरी राजदेवी नगरपालिकामा दुई पक्षीय प्रतिस्पर्धा छ।

नेकपा एकीकृत समाजवादीका उम्मेदवार भिखारीराय यादव र नेकपा एमालेका उम्मेदवार अशू सिंहबीच प्रतिस्पर्धा छ। एसका उम्मेदवार यादव नेकपा एमालेमा थिए। माओवादी र एमालेको एकीकरणपछि पार्टी विभाजन हुँदा माधवकुमार नेपाल र केपीशर्मा ओलीबीच पार्टी फुट्दा माधव नेपाल पक्षमा यादव रही कामकाज गर्दै आएका छन्।

विगत चुनावमा प्रदेश सभा सदस्य पदमा चुनाव लडी पराजित भएका थिए। विगत लामो समयदेखि राजनीतिमा लागी आफ्नो पैतृक सम्पत्ति गुमाएको जनमानसको भनाइ छ। आशु सिंह जनता समाजवादी पार्टीबाट २०७४ सालको स्थानीय निर्वाचनमा उपमेयर पदमा निर्वाचित भएकी थिइन्।

जनता समाजवादी पार्टीमा जातीयता भएको कारण नेकपा एमालेमा प्रवेश गरी मेयर पदमा चुनाव लडिरहेकी छन्। मेयर पदमा निवर्तमान मेयर धीरेन्द्र सिंह, लोकतान्त्रिक समाजवादी पार्टीबाट नवलकिशोर साह र जनमत पार्टीबाट अशोककुमार सिंह चुनाव लडिरहेका छन्।

# २८२ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २४ वैशाख/

वीरगंजको दुई स्थानमा शनिवार सम्पन्न रक्तदान कार्यक्रममा २८२ जनाले रक्तदान गरेका छन्।

रक्त सञ्चार केन्द्र वीरगंजका प्रमुख सौरभराज पाण्डेले वैशाख महीनामा रगतको अभाव महसूस गरिएकोमा कार्यक्रमबाट सङ्कलित रगतले धेरै हदसम्म



तस्वीरः प्रतीक




सहयोग भएको बताए।

वीरगंज कारागारमा पहलको आयोजनामा भएको रक्तदान कार्यक्रममा दुई महिलासहित २४६ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

कारागारका जेलर कृष्ण गैरे र पहल संस्थाका अध्यक्ष दिलीपराज कार्कीले संयुक्तरूपमा रक्तदान गरेर कार्यक्रमको उद्घाटन गरेका थिए।

प्रकाश थारू फाउन्डेशन अध्यक्ष थारूले कैदीबन्दीमा रक्तदान गर्ने उत्साह देखेर आफू पनि उत्साहित भएको बताए।

कैदीबन्दीको उत्साह बढाउन सशस्त्र प्रहरी उपरीक्षक तेजप्रकाश पोखरेल, आयोजक संस्थाका उपाध्यक्ष बब्लु गुप्ता, नेत्र चिकित्सक महेशसिंह धामीसमेतले रक्तदान गरेका थिए।

यसैगरी कैदीबन्दीहरूबाट दिनेश मण्डल, बालेश्वर चौधरी, विक्रम चौधरी, साजन थिङ, समर न्यौपाने, कन्हैयालाल यादव, सुनील गुप्ता, अर्जुन विक, विनय पासवान, आनन्द कर्ण, दिवाकरकुमार साह, विकेशकुमार, सुरज सहनी, नीरज सिंहलागयतले रक्तदान गरेका थिए।

रक्तदान कार्यक्रममा प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, प्रहरी उपरीक्षक रमेश बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक प्रह्लाद कार्की, नेपाली सेनाका कर्नेल जयराम थापालगायत सहभागी थिए।

यसैगरी पहिलो पाइला वीरगंज शाखाद्वारा आयोजित रक्तदान कार्यक्रममा २ महिलासहित ३६ जना रक्तदाताले रक्तदान गरेका छन्।

संस्थाका अध्यक्ष निश्चल प्रजापतिको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन नेपाल रेडक्रस सोसाइटी पर्सा, कार्यसमिति सदस्य नवनित अग्रवालले गरेका थिए। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी उमेशप्रसाद ढकालले रक्तदातालाई कदरपत्र प्रदान गरेका थिए।

स्नेहा साह, लक्ष्मी गुप्ता, निश्चल प्रजापति, मुस्कान अग्रवाल, विवेक ठाकुर, सुनील यादव, दिपेश कर्ण, सुरज साह कानू, रामचन्द्र श्रेष्ठ, राजेश दुबे, शैलेन्द्र चौरसिया, सुसिम अधिकारीलगायतले रक्तदान गरेको राजन श्रीवास्तवले बताए।

# काङ्ग्रेस बेइमान हो भन्ने आरोप नलागोस् –रिजाल

प्रस, वीरगंज, २४ वैशाख/

पाँच दलीय गठबन्धनको बैठकले स्थानीय तहको निर्वाचनमा वीरगंज



तस्वीरः प्रतीक

महानगरपालिकाको प्रमुख र उपप्रमुखमा साझा उम्मेदवारहरूलाई जिताउने सङ्कल्प गरेका छन्। शनिवार वीरगंजमा गठबन्धनका ३२ वटै वडाका अध्यक्षहरू सहित जिल्लाका शीर्ष नेताहरू सम्मिलित बैठकमा वडाध्यक्षहरूले गठबन्धनका साझा उम्मेदवार राजेशमान सिंह र इम्तियाज आलमलाई जिताउने सङ्कल्प गरेका हुन्।

गठबन्धनमा आबद्ध दलहरू एक अर्का प्रति इमानदार नरहेको हल्ला चलिरहेको बेला गठबन्धनका वडाध्यक्षहरूले वडामा मित्रवत् प्रतिस्पर्धा गर्दै नगरप्रमुख र उपप्रमुखमा साझा उम्मेदवारलाई जिताउने सङ्कल्प लिएका हुन्।

वडामा आफ्नो प्यानलको लागि र नगरप्रमुख, उपप्रमुखमा गठबन्धनको साझा उम्मेदवारका लागि मत माग्ने प्रतिबद्धता जनाइएको काङ्ग्रेस पर्साका उपसभापति रामनारायण कुर्मीले बताए।

कार्यक्रममा बोल्दै नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य रमेश रिजालले गठबन्धनका कारण एमालेको हैकमी प्रवृत्तिले घुँडा टेकेको र बहुमतको सरकार सहित प्रदेशको सरकारबाट पनि हात धुनुपरेको बताए।

गठबन्धनकै कारण अधिनायकवाद ढलेर वर्तमान सरकारको गठन भएकोले अलिकति पनि बेइमानी नगर्न वडा अध्यक्षहरूलाई आग्रह गरे। उनले पार्टीले उम्मेदवार बनाएको हो, त्यही पार्टीको केन्द्रीय समितिले गठबन्धनलाई जिताउने निर्णय गरेको हुँदा त्यसमा दायाँबायाँ नगर्न निर्देशन दिए। उनले भने–"काङ्ग्रेस बेइमान हो भन्ने आरोप नलागोस्।"

अर्का केन्द्रीय सदस्य अजय चौरसियाले गठबन्धनको धर्म इमानदारीका साथ पालना गर्न निर्देशन दिए। उनले वीरगंजको विकासमा यस अघिका नगरप्रमुखले पटक्कै ध्यान नदिएको आरोप लगाए।

पूर्वमन्त्री सुरेन्द्र चौधरीले आउँदा दिनमा नेपाली राजनीतिमा गठबन्धन अनिवार्य शर्त बनेकोले इमानदारीसाथ पालना गर्न नेता, कार्यकर्तालाई अनुरोध गरे।

सांसद प्रदीप यादवले यो लडाइँ अधिनायकवादविरुद्ध लडाइँ भएको बताए। उनले भने–"गठबन्धन हार्नु भनेको शान्ति र संविधानका पक्षधरहरू हार्नु हो।"

बैठकमा नेपाली काङ्ग्रेस पर्साका सभापति जनार्दनसिंह क्षत्री, जसपा पर्सा अध्यक्ष रामनरेश यादव, नेकपा एसका पर्सा अध्यक्ष बालगोपाल थापा, नेकपा माओवादी केन्द्रका पर्सा अध्यक्ष रामदरशप्रसाद कुशवाहा, संविधानसभा सदस्य अनिल रूँगटा, मधेस प्रदेशका खानेपानीमन्त्री ओमप्रकाश शर्मा, गठबन्धनका प्रमुख र उपप्रमुख पदका साझा उम्मेदवार राजेशमान सिंह र इम्तियाज आलम, नेताहरू श्याम पोखरेल, मनोज चौधरीलगायतको सहभागिता थियो।

# ठोरी काङ्ग्रेसद्वारा प्रतिबद्धतापत्र सार्वजनिक

प्रस, ठोरी, २४ वैशाख/

नेपाली काङ्ग्रेस ठोरीले शनिवार प्रतिबद्वता पत्र सार्वजनिक गरेको छ। नेका ठोरीका सभापति सन्तोष श्रेष्ठले नेपाली काङ्ग्रेसका सम्पूर्ण उम्मेदवारबीच प्रतिबद्वतापत्र सार्वजनिक गरेका हुन्।

सो प्रतिबद्धतापत्रमा ३० युनिट बिजुली निश्शुल्क गर्ने, १५ हजार लिटर खानेपानी निश्शुल्क गर्ने, १ हजार बेरोजगारी युवालाई रोजगार सृजना गर्ने, निश्शुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था गर्ने, गर्भवती महिलालाई मासिक रु एक हजार र पोषणयुक्त खाना भत्ता, सुत्केरी भत्ता रु पाँच हजार उपलब्ध गराउने, दूध उत्पादनमा रु ५/– अनुदान, मलखादमा रु २००/– प्रतिक्विन्टल अनुदान दिने, वाईफाई फ्री जोन बनाउने, शिक्षामा राजनीतिक हस्तक्षेप नगर्ने, असहाय–अशक्त उपचार कोष स्थापना गर्ने, रगत निश्शुल्क उपलब्ध गराउने, कृषिमा व्यवसायीकरण गर्ने, डाक्टर/इन्जिनीयर/भेटनरी/कृषिमा अध्ययनरतहरूलाई छात्रवृत्ति दिने, ठोरीमा बहुमुखी क्याम्पस स्थापना गर्ने, कृषि एम्बुलेन्स, अग्नि नियन्त्रण दमकल, शववाहनको व्यवस्था गर्ने, आयव्यय सर्वजनीकरण गर्ने, छोटी भन्सारको स्तर वृद्धि गर्ने, उत्कृष्ट विद्यालयलाई पुरस्कार दिने, एक वार्ड एक नमूना गाउँ बनाउने, शिक्षित बेरोजगारी महिलालाई रु १५००/– भत्ता,

(बाँकी अन्तिम पातामा)



नेपाली काङ्ग्रेसका प्रतिबद्धतापत्र सार्वजनिक गर्दै। तस्वीरः प्रतीक

## विचारसार र सूक्तिहरू

**विपत्तिले मनुष्यलाई पक्का गराउँछ र सच्चा–झूटाको पहिचान गराउँछ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# भजन

प्राणीमात्रको प्रवृत्ति सुखतर्फ हुन्छ र येन–केन–प्रकारेण यो सर्वदा उसको लागि प्रयत्नशील रहन्छ, तर हिरण्यगर्भ–लोकपर्यन्त हुने सबै सुख–क्षयी तथा दुःख–संपृक्त हुन्छ। निरतिशय सुखस्वरूप केवल परब्रह्म परमात्मा हो। ऊभन्दा अतिरिक्त जति वस्तु छन् सबै मायिक र दुःखरूप हुन् । यसैले शास्त्रमा आनन्दस्वरूप परब्रह्मलाई नै भनिएको छ– सत्यं ज्ञानमनन्तं ब्रह्म। अर्थात् ब्रह्म सत्यस्वरूप, ज्ञानस्वरूप र आनन्दस्वरूप हुन्छ। यसैले सुख चाहनेले, चाहे त्यो इहलौकिक सुख होस् वा पारलौकिक, भगवान्को भजन अवश्य गर्नुपर्छ । जो मान्छे कुनै पनि कामनाले भगवान्को भजन गर्छन्, ती सबै पुण्यात्मा हुन् ।

भगवानले स्वयं गीतामा भनेका छन्–
**चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ।**
**आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ॥**

हे अर्जुन, जो सुकृति अर्थात् जन्म–जन्मान्तरले पुण्य सञ्चय गर्ने, अतएव सफल छ जन्म जसको, त्यसैले मेरो भजन गर्छ। त्यो चार छ, त्यसमध्ये तीन सकाम छ तथा चौथो निष्काम। 'आर्त' त्यो हो, जो शत्रु एवं व्याधि आदिद्वारा आपद्ग्रस्त भएर त्यसको निवृत्तिको इच्छाले मेरो भजन गर्छ। जस्तै आफ्नो पूजाको लागि हुने यज्ञ भङ्ग भएको कारण कुपित भएर इन्द्रको प्रलयङ्कारी वर्षा गर्ने समय ब्रजवासी मान्छे, जरासन्धको कारागारमा बन्द भएर नानाविध यातना भोग्ने राजा, द्यूतसभामा वस्त्रापकर्षणबाट बेइज्जत भइरहेकी द्रौपदी तथा ग्राह–ग्रस्त गजेन्द्र–यिनीहरूले आर्त भएर मेरो भजन गरे । 'जिज्ञासु' भन्छन् आत्मज्ञानार्थी अर्थात् मुमुक्षुलाई। जस्तै मुचकुन्द, मिथिला नरेश जनक, श्रुतदेव तथा उद्धव । यी सबैले जिज्ञासुवश भगवान्को समाश्रयण गरे । अर्थार्थी त्यसलाई भनिन्छ, जो इहलोक वा परमलोकमा भोग–सामग्रीको उपेक्षा गर्छ । जस्तै इहलोकमा भोगको सामग्री राज्य आदि चाहने सुग्रीव, विभीषण र परमलोकमा राज्यादि चाहने ध्रुव । यिनीहरूले अर्थार्थी भएर भगवान्लाई अँगाले। यी तीनैजना सुकृति हुन्, जसले भगवद्जनसँग आफ्नो अभीष्ट वस्तु प्राप्त गरे र अन्त्यमा भगवान्को मायाको ज्ञान पाएर भगवत्–स्वरूप भए ।

यी तीनैजना सकाम भक्त थिए । यसमा भेद यो छ कि जिज्ञासु ज्ञानोत्पत्तिद्वारा साक्षात् मायालाई पार गर्छ र आर्त तथा अर्थार्थी पहिले जिज्ञासुत्व प्राप्त गर्छ, त्यसपछि माया तर्छ । यसै कुरालाई सूचित गर्नका लागि भगवान्ले जिज्ञासु पदलाई आर्त र अर्थार्थीको बीच राखे । चौथो ज्ञानी हो । ज्ञानी भनिन्छ, जो भगवत्साक्षात्कार भएपछि भगवान्बाट नित्य युक्त रहन्छ । यो निष्काम भक्त हो। यसै प्रकार कुनै पनि उद्देश्यबाट जो भगवान्को भजन गर्छ, त्यो सुकृति हो तथा अन्त्यमा भगवान्को कृपापात्र अवश्य हुन्छ । हामीहरू वृन्दावनधाममा बसेका छौं । कमसेकम यहाँ रहँदा खुबै भजन गर्नुपर्छ । सारा संसार नै धर्मशालाको रूपमा अथवा एउटा चौबाटोमा स्थित वृक्षको छायाको रूपमा छ, जहाँ आआफ्नो उद्देश्यबाट गमन गर्ने मान्छे केही समयको लागि जम्मा हुन्छन्। समय आएपछि सबै जहाँको त्यहाँ जान्छन्, साथ रहनेवाला केही हुँदैन। यदि कोही साथ रहनेवाला छ भने त्यो केवल धर्म हो । त्यसमा भगवद्जनरूप धर्म सर्वोत्कृष्ट हुन्छ । यसैले भगवान्ले भनेका छन् कुनै पनि सांसारिक कार्य गर, तर साथमा मेरो स्मरण अवश्य गर । गीतामा भगवन्ले भनेका छन्–
**तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ।**
**मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥**

अर्जुन, अतः अन्तकालमा मानव जुन वस्तुको स्मरण गर्छ, त्यही हुन्छ, अतः तिमी सबै बखत मेरो स्मरण गर। यदि भन्छौ कि अहिले मेरो अन्तःकरण शुद्ध छैन, यसैले मेरो मन पटक–पटक विषयमा जान्छ, जसबाट म सतत् तपाईंको स्मरण गर्न सक्दिनँ, तब अन्तःकरणको शुद्धिको लागि स्वधर्मरूप युद्ध पनि गर । यहाँ क्षत्रीय अर्जुनको स्वधर्म युद्ध नै हो, यसैले भगवान्ले युद्ध गर भने। तात्पर्य यो हो कि जोकसैको अन्तःकरण शुद्ध छैन, उसले आफ्नो वर्ण एवं आश्रमधर्मको पूर्णरूपले पालन गर्छ, तब उसको अन्तःकरण शुद्ध हुन्छ र अन्तःकरणमा भगवान्को स्मरण हुनाले भगवत्स्वरूप हुनेछ । अन्तःकरणको शुद्धिको पहिलो स्वधर्मको त्याग गर्नुहुँदैन ।

पद्मपुराणमा एउटा कथा छ । नरोत्तम नामक एकजना ब्राह्मण बालक थिए। मातापिताको सेवा उसको त्यतिबेला स्वधर्म थियो, मातापितालाई छाडेर तप गर्न गए । नियमपूर्वक एउटा रूखको तल बसेर तप गर्न थाले। केही दिनपछि वृक्षमा विष्ठा गर्ने एउटा पक्षीलाई उनले क्रोधपूर्ण दृष्टिले हेरे, पक्षी त्यही मरेर खस्यो। उनलाई अभिमान भयो। भिक्षा लिन उनी कुनै गृहस्थको घर पुगे। त्यहाँ गृहस्वामिनी आफ्नो पतिको सेवामा थिइन्। सेवाबाट निवृत्त भएर केही बेरपछि उनी आइन्, उनलाई पनि नरोत्तमले क्रोधपूर्ण दृष्टिले हेर्दै भस्म गर्न चाहे, तब स्त्रीले भनिन्– महाराज ! म पक्षी होइन । यो सुनेर तपस्वी हतप्रभ भए र सोधे– देवी ! पक्षीको कुरा तपाईलाई कसरी थाहा भयो ? पतिव्रताले भनिन्–पतिसेवाबाट स्त्रीले सबै शक्ति प्राप्त गर्छन्। भिक्षा लिनुस्, मलाई यति अवकाश छैन कि म तपाईंसँग बढी कुरा गरूँ। यदि तपाईंलाई बढी जान्ने चाहना छ भने एकजना चाण्डाल छ, त्यसकहाँ पुग्नुस् ।

तपस्वी चाण्डालकहाँ पुगे । चाण्डालले भने, तिमीलाई पतिव्रताले पठाएको हो, तर मसँग समय छैन त्यसकारण तपाईं तुलाधार वैश्यकहाँ जानुस्, उसले तपाईंलाई सबै कुरा बताउँछ। तपस्वी तुलाधार कहाँ पुगे । तुलाधार आफ्नो पसलमा व्यस्त थियो, उसले पनि भन्यो, तपाई अद्रोहककहाँ जानुस् । ब्राह्मणदेवता नरोत्तमले सबै ठाउँमा भगवान् रहेको देखे । अद्रोहकले उनलाई भने, ब्रह्मदेव ! वृद्ध आमाबुबालाई छाडेर तप गर्नु तपाईंको धर्म थिएन, तपाईंले मातापिताको सेवा गर्नुपर्छ, त्यही धर्म हो । त्यसकारण मूल धर्म छाडेर तप गरेपछि सिद्धि कसरी पाइन्छ ? अब तपाईं जानुस् र मनसा, वाचा, कर्मणा आमाबुबाको सेवा गर्नुस्, तपाईंले विनातप नै सर्वसिद्धि प्राप्त गर्नु हुनेछ ।

निष्कर्ष यो हो कि स्वधर्मपालन गर्दै इहलौकिक उन्नतिको लागि भगवान्को भजन गर्दा पनि मानवको कल्याण हुन्छ।

# स्थानीय सरकार : दायित्व र आवश्यकता

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
Koiralarp46@gmail.com


**स्थानीय चुनावमा दलभन्दा पनि व्यक्ति हेर्नु जरूरी हुन्छ, यदि कुनै दलकै उम्मेदवारसँग माथि उल्लिखित गुणहरू छन् भने हामीले उसलाई नै मतदान गर्नुपर्छ । स्वतन्त्र व्यक्ति यदि हाम्रो मूल्याङ्कनभित्र पर्छ भने हामीले उसलाई नै प्राथमिकतामा राख्नुपर्छ ।**

स्थानीय विकासमा मेयरको भूमिका एउटा बैंकको सिइओजस्तो हुन्छ। मेयरहरू सामान्यतया शहरी सरकारको राजनीतिक र प्रशासनिक प्रमुख हुन्छन् त्यसैले उनीहरूले के गर्छन् र सोच्छन् यसले सरकारी नीति र अभ्यासलाई प्रभाव पार्छ । गरिबी न्यूनीकरणका लागि मेयरको भूमिका ज्यादै महत्त्वपूर्ण हुन्छ। न्यून आय भएका समूहरूको जीवन स्तर उकास्नको लागि मेयरले दिनरात काम गर्नुपर्ने हुन्छ। एउटा मेयर सहज, साधारण र जनताको घर दैलोमा सदैव उपस्थित भई शहरको सर्वाङ्गीण विकासका लागि दत्तचित्त भएर लाग्न सक्ने हुनुपर्छ।

पाँच वर्षसम्म केही नगर्ने, जनता भेट्न जाँदा "समय छैन, व्यस्त छु" भन्ने अनि चुनावको मुखमा दशपटक घर–आँगनमा आई आशीर्वाद दिनुस् भन्दै आडम्बर गर्ने व्यक्तिसँग हामी मतदाता अलि चनाखो हुनु जरूरी छ।

मेयरहरू स्थानीय सेवा, सार्वजनिक हित र नागरिकको सहभागिताको प्रत्याभूतिकर्ता हुन् । उनीहरू स्थानीय जनताका आशा र भरोसाका विम्ब हुन र हुनुपर्छ। के हामीले त्यस्तो मेयर प्राप्त गरेका छौं ? शहरको सुशासन र समृद्धिको लागि मेयर एउटा मियोको काम गर्न सक्नुपर्छ । चुनावको समयमा प्रतिस्पर्धी हुन्छन् तर चुनावको परिणाम आइसकेपछि सबैको लागि मेयर हुन सक्नुपर्छ । कसैप्रति आग्रह र पूर्वाग्रह नराखी शहरको प्रगतिको लागि सबैलाई मिलाएर अगाडि बढ्न सक्ने हुनुपर्छ। हिजो विरोधी भएर चुनाव लडेका साथीहरूलाई झन् बढी अँगालेर अघि बढ्न सक्ने हुनुपर्छ । हो, त्यस्तालाई लोकतान्त्रिक नेता भनिन्छ ।

स्थानीय सरकारहरू विशेषगरी मानिसहरूको दैनिक जीवनसँग सम्बन्धित हुन्छन् ।

जीवनको गुणस्तरमा प्रत्यक्ष प्रभाव पार्ने पूर्वाधार र सेवाहरूको व्यवस्थापन गर्नु स्थानीय सरकारको मुख्य जिम्मेवारी र कर्तव्यभित्र पर्छ। सामान्यतया मेयरहरू शहरको वर्तमान र भविष्यको विकासको स्वरूपमा यसको सफलताको लागि कसरी नयाँ लगानी आकर्षित गर्न सकिन्छ भनी योजनाहरू बनाउन तल्लीन हुनुपर्छ । पूँजी विना समृद्धि हुनै सक्दैन । जनताको ढाड भाँचिने गरी कर मात्र लाद्ने अनि त्यही करबाट उठेको पैसाले पजेरो संस्कृतिलाई बढावा दिएर कहाँ विकास र प्रगति हुन सक्छ ?

एउटा मेयरले शहरलाई गति प्रदान गर्न विज्ञहरूको सल्लाह र सुझाव लिई अगाडि बढ्नु हितकर हुन जान्छ। हाम्रोमा कुरा ठूल्ठूला गर्ने तर त्यसको खोज तथा अनुसन्धान गर्ने संस्कृतिको कमी भएको पाइन्छ। विज्ञहरूको टिम नै बनाएर अघि बढ्न से शहरको प्रगतिको गोरेटो कोर्न ज्यादै सहज हुन्छ । विभिन्न विज्ञहरूको एउटा सशक्त टिम तयार गर्नुपर्ने हुन्छ–शिक्षा, स्वास्थ्य, पूर्वाधार, यातायात र यातायात व्यवस्थापनसम्बन्धी, पानी व्यवस्थापनसम्बन्धी, महिला तथा बालबालिकासम्बन्धी, पर्यटनसम्बन्धी, प्रदूषण नियन्त्रणसम्बन्धी, फोहोर व्यवस्थापन, संस्कृति र सम्पदाको संवर्द्धन र जगेर्नासम्बन्धी, कृषि, खेलकूद, खुला ठाउँ र हरियाली व्यवस्थापन, डिजिटल सरकारको अवधारणासम्बन्धी, आदि आदि । शहरको मुहार फेर्नको लागि नयाँ अवधारणा आत्मसात् गर्नु पनि त्यति नै जरूरी हुन्छ, जस्तैः होम डेलिभरी सरकार, आइडिया बैंक, भ्रष्टाचार विरोधी छुट्टै ब्युरो, मेट्रो साइबर ब्युरो, कल केन्द्र, स्वास्थ्य बीमा, मानसिक स्वास्थ्य सहायता सेल, सिक्युरिटी सेल।

**जनप्रतिनिधि कस्तो हुनुपर्छ ?**

आगामी ३० वैशाखमा महानगर तथा नगरपालिकामा २९३ मेयर/उपमेयर, गाउँपालिकामा ४६० अध्यक्ष/उपाध्यक्ष, ६ हजार ७४३ वडा अध्यक्ष र २६ हजार ९७२ वडा सदस्य गरी कुल ३५ हजार २२१ जनप्रतिनिधि चयनका लागि निर्वाचन हुँदैछ । निर्वाचित हुने जनप्रतिनिधिमाथि पूर्ववर्ती जनप्रतिनिधिका कमीकमजोरीको सुधार, प्रभावकारी कार्ययोजना र सर्वसुलभ सेवामार्फत आम जनतालाई सन्तुष्ट बनाउनुपर्ने अहम् दायित्व छ । सङ्घीय संरचना प्रतिफलमुखी नभई झन्झटिलो भयो भन्ने आम जनगुनासो, असन्तुष्टिलाई सम्बोधन गर्न निर्वाचनमार्फत अब कस्ता जनप्रतिनिधि चुन्ने भन्ने बहस अपरिहार्य छ ।

सङ्घीयताको मर्म र संविधानको व्यवस्थाले स्थानीय सरकारलाई नागरिकको सबभन्दा भरपर्दो, अनिवार्य, सेवाप्रदायकका रूपमा ग्रहण गरेको छ। यसर्थ स्थानीय सरकारको प्रभावकारितालाई विश्वभर नै महत्त्वका साथ हेरिन्छ। स्वाभाविकरूपमा स्थानीय सरकारलाई सफल र जनमुखी बनाउन निर्वाचित जनप्रतिनिधिसँगै मतदाताको भूमिका पनि उत्तिकै अहम् हुन्छ । मतदानको अधिकारमार्फत कुशल र असल जनप्रतिनिधि चयन गरी आफ्नो घरदैलोको शासन प्रणालीको कार्यभार सुम्पिनु असल नागरिकको दायित्व हुन्छ।

विश्वव्यापी मान्यताको अध्ययन गर्दा विकास मार्गमा लम्किंदै गरेको नेपालमा पनि स्थानीय सरकारलाई 'समृद्धिको आधार, स्थानीय सरकार' थिमलाई आत्मसात् गरेको पाइन्छ । समृद्धिको जग, सुशासनको प्रारम्भ, जनसहभागिता अभिवृद्धि र कुशल नेतृत्व विकासको आधारस्तम्भ स्थानीय सरकार नै हो । शासन प्रणालीलाई सुदृढ गर्दै समुन्नत बनाउनका लागि पनि वर्तमानमा विवेकपूर्ण सक्षम प्रतिनिधि चयन गर्नुको विकल्प छैन । तर, आफ्ना सामु खडा उम्मेदवारमध्ये को असल, को खराब ? कसलाई मत दिने ? भन्ने निर्णय गर्न के–कस्तो मापदण्ड हुन सक्छ भन्ने चर्चा आवश्यक छ । मेयर र स्थानीय प्रतिनिधिहरूले स्थानीय लोकतन्त्रका मान्यता प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् । नैतिकता र पारदर्शिता लोकतन्त्रका मापदण्ड हुन् । यसमा उनीहरू खरो उत्रन सके मात्र पालिकालाई अग्रगतिमा लग्न सकिन्छ । उनीहरू नै नागरिकका नजीकका अधिकारी हुन् भन्ने कुरा आत्मसात् गर्नुपर्ने हुन्छ ।

क्यानाडाकी पूर्वमेयर क्रिस्टिना बेन्टीको अध्ययनपत्र म्युनिसिपल वर्ल्डमा प्रकाशित आलेखमा मेयर अथवा अध्यक्षका के–कस्ता गुण हुनुपर्छ भनेर चर्चा गरिएको छ। उनले मतदातादेखि राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा कस्ता व्यक्तिलाई चुन्नुपर्छ भन्ने विषयलाई आफ्नो आलेखमा प्रस्ट्याएकी छन् । उनले आफ्नो आलेखमा सात विशेषताबारे चर्चा गरेकी छन्। असल सम्बन्ध निर्माणकर्ता, टिम प्लेयर, भावनात्मकरूपमा परिपक्व, पहुँचयोग्य, आलोचनात्मक चेत, निर्णयका लागि तयार र वित्तीय कौशल । उल्लिखित गुण नेपालका सन्दर्भमा पनि उत्तिकै आवश्यक छ ।

जनताको निकट रहने स्थानीय सरकारलाई प्रभावकारी बनाउन सक्षम नेतृत्व अपरिहार्य हुन्छ। नेपालको सन्दर्भमा स्थानीय सरकारका कार्यसम्पादन र सुशासनसम्बन्धी अध्ययन प्रतिवेदनलाई विश्लेषण गर्दा नतीजा सन्तुष्टिजनक छैन। अधिकांश स्थानीय सरकारमा भ्रष्टाचार मौलाउँदो, सुशासन खस्किंदो, सार्वजनिक सेवाभन्दा व्यक्तिकेन्द्रित कार्यसम्पादनले प्रश्रय पाइरहेको देखिन्छ । यस्तो अवस्थामा सक्षम, कुशल र असल जनप्रतिनिधि चयनमा ध्यान पुऱ्याउनु अत्यावश्यक छ। मत दिने बेलामा विवेक नगर्ने र पछि आफैं पछुताउने प्रवृत्ति समाजमा व्याप्त छ । यसको निराकरणका लागि पनि मतदातामा विवेक हुनु जरूरी छ।

मुलुकमा सङ्घीयतापछि केही अपवादबाहेक देशभरका स्थानीय सरकार आर्थिक अनुशासनमा लगामविहीन देखिएका छन् । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदन अनुसार बेरूजुको झन्डै एकतिहाई करीब २९ प्रतिशत हिस्सा स्थानीय सरकारको नाममा छ । मुलुकमा स्थानीय तह अधिकारसम्पन्न भएको र जनप्रतिनिधिसमेत बहाल रहेको अवस्थामा बढेको आर्थिक अनुशासनहीनताले कतै स्थानीय जनप्रतिनिधि जवाफदेहिताविहीन त भइरहेका छैनन् भन्ने प्रश्नसमेत उठेको छ । स्थानीय तहमा वित्तीय सुशासन सङ्कटमा पुगेको निष्कर्षसहित अख्तियार दुरूपयोग अनुसन्धान आयोगले राष्ट्रपतिसमक्ष पेश गरेको आयोगको ३१औं वार्षिक प्रतिवेदनमा उल्लेख भए अनुसार कुल उजूरीमध्ये ३२.७२ प्रतिशत स्थानीय तहसँग सम्बन्धित छ। सङ्घीयता कार्यान्वयनमा आए यता सिंहदरबारका सेवा र अधिकार व्यवस्थासँगसँगै भ्रष्टाचारको रोग पनि गाउँगाउँमा पुगेको देखिन्छ । साढे चार वर्षको अवधिमा स्थानीय तह र त्यहाँका जनप्रतिनिधिविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा २० हजार उजूरी परेका छन्। पछिल्लो प्राकृतिक तथा वित्त आयोगको प्रतिवेदनले पनि स्थानीय तहको कार्यसम्पादनमा निराशाजनक अवस्था चित्रण गरेको छ। स्थानीय तहमा सक्षम जनप्रतिनिधि चयन गर्न नसक्नु प्रमुख समस्या हो ।

राजनीतिमा नैतिकताको सन्देशले महत्त्वपूर्ण स्थान ओगट्छ । स्वच्छ, पारदर्शी र जवाफदेही राजनीतिक नेतृत्वले नै वडा र पालिकाहरूको वस्तुस्थिति अनुरूपको विकासमा साझेदारी, प्रभावकारी नीति–निर्माण, चुस्त कार्यसम्पादन गर्न सक्छ। भ्रष्टाचार न्यूनीकरण र वित्तीय सुशासन कायम गर्न र गराउन पनि जनप्रतिनिधिको भूमिका महत्त्वपूर्ण हुन्छ । स्थानीय सरकारहरू सहजै जनताको घरदैलोमा पुग्न सक्ने र जनतालाई सरकारको आभास दिलाउन सक्ने भएकाले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलतालाई कार्यान्वयन गरी जनपक्षीय कामहरू सहज सम्पन्न गर्दै राष्ट्र निर्माणमा टेवा पुऱ्याउन पनि असल जनप्रतिनिधिको चयन अपरिहार्य छ।

**कस्ता जनप्रतिनिधिलाई हामीले मतदान दिने ?**

हाम्रा अगाडि मत माग्दै गरेका उम्मेदवार चयन गर्दा आर्थिक विवरण सार्वजनिक गरेका, नैतिकता र सामाजिक मर्यादामा रहेका, फौजदारी मुद्दामा नपरेका, अन्य देवानी विवादमा नपरेका स्वच्छ छवि भएका साथै सामाजिक सेवा र सङ्घसंस्थामा रही उत्कृष्ट कार्यसम्पादन गरेर अनुभव हासिल गरेका सक्रिय व्यक्तिलाई मतदान गर्नु नागरिकको विवेकपूर्ण अधिकार र कर्तव्य दुवै हो ।

राजनीति आफैंमा पेशा होइन, सामाजिक सेवा हो भन्ने गरिए पनि अहिले नेपालमा अधिकांश नेताले राजनीतिलाई नै मुख्य पेशा बनाएका छन्। यसले उनीहरूको जीविका र आयस्रोत के हो भन्ने प्रश्न उठाएको छ । यसले उनीहरूका कार्यकर्तामा उद्यमशील जाँगर निष्क्रिय पारिदिएको छ । स्थानीय उम्मेदवारबारे पनि यो कुराले अर्थ राख्छ। उनीहरू के व्यवसाय गर्छन् ? कसरी राजनीतिमा स्वच्छ छवि कायम गर्न सक्छन् ? यो नै उनीहरूको क्षमता र परीक्षणको आधार पनि हो। यसले उनीहरूको विगतको क्षमता र भावी योजनाबारे बुझ्न सहज हुन्छ ।

सङ्घीयताको मर्म र स्थानीय सरकारको परिकल्पना नै नीति–निर्माणमा प्रभावकारिता, विकासका लाभहरूमा न्यायोचित पहुँच, सर्वसुलभ सार्वजनिक सेवा, व्यापक जनसहभागिताको सिर्जना हो । सङ्घीयतामा विकेन्द्रीकरणको मर्म बुझेका, पालिका र वडाको भौगोलिक, राजनीतिक, आर्थिक तथा विकासका सम्भावनाबारे राम्रो अध्ययन गरी योजना सार्वजनिक गरेका उम्मेदवारलाई निर्वाचनमार्फत चयन गर्नुपर्छ ।

राजनीतिमा शैक्षिक उपाधि, सीप र विद्वताको महत्त्व पनि अहम् हुन्छ । शिक्षाले नै उम्मेदवारको दक्षता, उसले बनाउने पालिकाका एजेन्डा र भिजनलाई सार्थकरूपमा प्रतिफलमुखी बनाउन सक्छ। शिक्षित प्रतिनिधिले मात्र नीति–निर्माण, विकास आयोजनाका अनुगमन र मूल्याङ्कन साथै दैनिक कार्यसम्पादनका क्रममा परिपक्व निर्णय गरी कार्यान्वयनमा ल्याउन सक्छ । युवा वा युवा मानसिकता र राजनीतिमा सक्रिय उम्मेदवारको चयनलाई ध्यानमा राख्नुपर्छ।

अन्त्यमा स्थानीय चुनावमा दलभन्दा पनि व्यक्ति हेर्नु जरूरी हुन्छ, यदि कुनै दलकै उम्मेदवारसँग माथि उल्लिखित गुणहरू छन् भने हामीले उसलाई नै मतदान गर्नुपर्छ । स्वतन्त्र व्यक्ति यदि हाम्रो मूल्याङ्कनभित्र पर्छ भने हामीले उसलाई नै प्राथमिकतामा राख्नुपर्छ । लोकतान्त्रिक प्रक्रियामा दलकै भूमिका ठूलो हुन्छ भन्ने भ्रमबाट स्थानीय चुनावको हकमा हामी मुक्त हुनु जरूरी छ ।

# शीर्ष नेता अभियानमा निस्केपछि एकाएक बढ्यो निर्वाचनको माहोल

काठमाडौं, २४ वैशाख/रासस

सत्ता गठबन्धनले एकपछि अर्को आक्रामक अभियान बढाएपछि देशव्यापी रूपमा स्थानीय तहको निर्वाचनको माहोल तातेको छ। यही वैशाख ३० गतेका लागि तय भएको निर्वाचनको मिति आउन केही दिन मात्रै बाँकी रहँदा देशभर नै राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारसमेत अभियानमा केन्द्रित छन्।

गठबन्धनले बिहीवार भरतपुर महानगरमा संयुक्त चुनावीसभाको आयोजना गऱ्यो। यस्तै शुक्रवार काठमाडौं महानगरलाई केन्द्रमा राखेर रत्नपार्कमा संयुक्तसभामार्फत मतदातासमक्ष मत माग्यो। गठबन्धनका तर्फबाट आज पनि देशका विभिन्न स्थानमा चुनावी सभाहरू आयोजना गरिएको छ। बुटवल, तनहुँ, जनकपुरधाममा संयुक्त चुनावीसभा भएका छन् । सत्तारूढ गठबन्धनका

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# असहाय तथा वृद्ध कल्याण समाजलाई लायन्सको सहयोग

प्रस, ठोरी, २४ वैशाख/

वीरगंजमा क्रियाशील लायन्स क्लबहरूले ठोरी गापा–१ मा रहेको असहाय तथा वृद्धवृद्धा कल्याण समाजलाई शनिवार मेडिकल तथा खाद्यान्न सामग्री सहयोग गरेको छ।



तस्वीर: प्रतीक

लायन्स क्लबसँग आबद्ध पदाधिकारी एवं पूर्व पदाधिकारीहरूको समूह कल्याण समाजको भवन भगवाननगर पुगेर समाजका संरक्षक आसबहादुर गुरुङलाई उक्त सामग्री हस्तान्तरण गरेका थिए।

लायन्स क्लब अफ वीरगंज संस्कृति गोल्ड, लायन्स क्लब अफ मिलेनियम, एमजेएफ, लायन्स क्लब अफ वीरगंज सेन्ट्रलको संयुक्त आयोजनामा संरक्षक गुरुङलाई दुई थान व्हीलचेयर, दुई थान कमोड चेयर र दृष्टिविहीनका लागि दुई थान स्टिकलगायत मेडिकल सामग्री हस्तान्तरण गरिएको थियो।

यस्तै दुई क्विन्टल चामल, ३० केजी दाल, एक बोरा आलु, एक बोरा प्याज, बीस लिटर खानेतेल, चिनी, चियापत्ती, बिस्कुट चाउचाउ, मसला, हर्दी, नुनलगायत खाद्यान्न सामग्री हस्तान्तरण गरिएको थियो। लायन्स क्लबका सुमन श्रेष्ठले सबै सामग्री कुल ७० हजार बराबरको रहेको जानकारी गराए।

कार्यक्रममा ठोरीजस्तो ग्रामीण क्षेत्रमा असहायहरूको लागि आश्रम स्थापना गरेर आसबहादुर गुरुङले धार्मिक काम गरेको लायन्सका वक्ताहरूले विचार व्यक्त गरेका थिए। आगामी दिनमा आश्रमलाई थप आवश्यक सहयोग गर्ने प्रतिबद्धतासमेत उनीहरूले गरेका थिए। कार्यक्रममा लायन्सका पूर्व अध्यक्षहरू रमेश अग्रवाल, पशुपतिविक्रम शाह, लायन्स क्लब संस्कृति गोल्डकी प्रथम उपाध्यक्ष आयुषी तुल्स्यान, लायन्स क्लब सेन्ट्रल अध्यक्ष कविता हालान, डि.एन. अग्रवाललगायतले आश्रमले गरेको कामको प्रशंसा गरेका थिए।

लायन्स क्लब अफ वीरगंज मिलेनियम, एम जे एफका अध्यक्ष सुमन श्रेष्ठको सभापतित्वमा आयोजित कार्यक्रममा सुभाष अग्रवाल, त्रिलोकध्वज जोशी, भिखमचन्द्र अग्रवाललगायतको सहभागिता थियो।

भारतीय सैनिक सेवाबाट निवृत्त गुरुङले व्यक्तिगत पहलमा स्थापना गरेको असहाय समाजमा हाल २७ जना असहायहरू शरण लिइरहेका छन्। वि.स. २०६८ मा स्थापना भएको समाजमा हाल २ जना दृष्टीविहीनसमेत छन्।

# खेलकुदको संसार

## नवौं राष्ट्रिय खेलकूदको 'लोगो' र 'मस्कट' सार्वजनिक

कास्की, २४ वैशाख/रासस

नवौं राष्ट्रिय खेलकूद–२०७९ को 'लोगो' र 'मस्कट' सार्वजनिक गरिएको छ। राष्ट्रिय खेलकूद परिषद्ले आज आयोजना गरेको कार्यक्रममा खेलकूदमन्त्री महेश्वर गहतराज, राखेपका सदस्यसचिव टङ्कलाल घिसिङले लोगो र मस्कट सार्वजनिक गरे।

प्रतिस्पर्धाबाट भोलानाथ पौडेलले डिजाइन गरेको लोगो र मस्कट छनोट भएको हो। लोगोमा गण्डकी प्रदेशको राजधानी पोखरा र माछापुच्छ्रेलाई रेखाकृतिमा देखाइएको छ। त्यस तल आकाशे नीलो रेखाले शान्तिको प्रतीक परेवालाई प्रतिविम्बत गरेको छ।

रातो रङको चार धर्साले परेवाको खुट्टा दर्शाइएको छ।

चार धर्साले खेल मैदानको ट्रेकका साथै गण्डकी प्रदेशको साबिक ४ नं प्रदेशलाई दर्शाएको छ। ट्रेकमा रहेको चन्द्रसूर्यले राष्ट्रिय ध्वजालाई प्रतिविम्बित गर्नुका साथै सहभागी सबै टोलीको प्रतिनिधित्व गर्ने युवा तथा खेलकूद मन्त्रालयले जनाएको छ।

यस आकृतिको तलका दुई हरफले राष्ट्रिय खेलकूदको संस्करण र साल एवं उक्त प्रतियोगिता हुने स्थान अनि प्रदेशलाई बुझाएको छ। नवौं खेलकूदको 'मस्कट' मा गण्डकी प्रदेशमा पनि पाइने लोपोन्मुख तथा संरक्षित प्राणी कस्तुरी मृगको आकृति समावेश गरिएको छ।

कोरोना महामारीका कारण रोकिएको नवौं राष्ट्रिय खेलकूद आगामी जेठ २२ देखि २८ गतेसम्म गण्डकी प्रदेशको राजधानी पोखरामा हुँदैछ। गत चैत ३० गतेको मन्त्रिपरिषद् बैठकले नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता गण्डकी प्रदेशको पोखरामा आयोजना गर्ने निर्णय गरेको थियो।

प्रत्येक दुई वर्षमा आयोजना हुनुपर्ने राष्ट्रिय खेलकूदको नवौं संस्करण २०७७ मा आयोजना गर्नुपर्ने थियो। विश्वव्यापी रूपमा फैलिएको कोभिड सङ्क्रमणका कारण खेलकूद स्थगित भएको थियो। नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता आगामी जेठमा आयोजना गर्न खेलकूद मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लगेको थियो।

### विभिन्न पदाधिकारी.....

आयोजित कार्यक्रममा तपाई स्वयं स्रोत व्यक्तिका रूपमा सहभागी हुनुभएकै हो"–आयोगले महासङ्घका अध्यक्ष पोखरेललाई सोधेको स्पष्टीकरणमा भनिएको छ–"आयोगबाट काठमाडौंमा आयोजित कार्यक्रममा तपाईंले आचारसंहिताबारे बोल्नुभएको कुरा र जनाउनुभएको प्रतिबद्धतासम्बन्धी सामग्रीसमेत आयोगमा सुरक्षित छ, तपाईंलाई आयोगले जारी गरेको निर्वाचन आचारसंहिताका समग्र प्रावधानबारे जानकारी छैन भन्नेबारे आयोग विश्वस्त हुन सक्दैन।"

आयोगको स्पष्टीकरणपत्रमा भनिएको छ–"आयोगले जारी गरेको आचारसंहिता पत्रकारले मान्न जरूरी छैन भनी तपाईंले भन्न मिल्छ, मिल्दैन ? आयोगबाट जारी आचारसंहिताको कुन प्रावधानले पत्रकार एवं नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई सङ्कुचित गरेको छ ? साथै आचारसंहिताको कुन प्रावधानले पत्रकारिता र अभिव्यक्ति स्वतन्त्रताबाट सम्बन्धित पक्षलाई वञ्चित गरेको छ ? पत्रकार महासङ्घको अध्यक्ष जस्तो पदमा आसीन व्यक्तिले यस्तो गैरजिम्मेवार अभिव्यक्ति दिन सुहाउँछ ?"

आयोगले आचारसंहिताप्रतिकूल हुने गरी समाचार प्रकाशन गरेको भन्ने उजूरीका आधारमा गोरखापत्र संस्थान र सेतोपाटी डटकमलाई पनि स्पष्टीकरण सोधेको छ।

### ठोरी काङ्ग्रेसद्वारा.....

क्यान्सर/मृगौला/मुटुरोगीलाई रु पचास हजार सहयोग गर्नेलगायत कुराहरू प्रतिबद्धतापत्रमा छ।

प्रतिबद्धतापत्र घोषणासभा नेकाबाट गापा अध्यक्ष पदका उम्मेदवार बृहस्पतिकृष्ण श्रेष्ठको प्रमुख आतिथ्यमा भएको थियो र रामबहादुर श्रेष्ठ, प्रकाश खनाल, जीवन सापकोटा, किशोर तामाङ, रामकृष्ण पन्तलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण चिरञ्जीवी सापकोटाले गरेका थिए।

# हतियारसहित दुई भारतीय युवक पक्राउ

प्रस, सिम्रौनगढ, २४ वैशाख/

अत्याधुनिक हतियारसहित बाराको सिम्रौनगढबाट दुईजना भारतीय नागरिक पक्राउ परेका छन्।

सिम्रौनगढ नगरपालिका–९ बसवरिया–कचोर्वा सडकबाट शनिवार बिहान १० बजे सशस्त्र प्रहरीले अटोमेटिक चाइनिज पेस्तोल, म्याग्जिन र गोलीसहित दुई भारतीय युवकलाई पक्राउ गरेको बताइएको छ।

भारत, बिहार राज्यको मोतीहारी निवासी २३ वर्षीय पप्पुकुमार यादव र सोही ठाउँका २२ वर्षीय अकलेशकुमार सिंह पक्राउ परेको सशस्त्र प्रहरीले जनाएको छ।

सीमावर्ती भारतीय गाउँबाट मोटरसाइकलमा नेपाल प्रवेश गरेका दुवै जनालाई सशस्त्र प्रहरीले चेकजाँच गर्ने क्रममा चाइनिज पेस्तोल १ थान, त्यसमा लाग्ने २ राउन्ड गोली, म्याग्जिन २ थान, कट्टुवा पेस्तोल १ थान र त्यसको दुई राउन्ड गोली बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ।

पेस्तोल र गोलीसहित पक्राउ परेका दुवैलाई आवश्यक कारबाईका लागि इलाका प्रहरी कार्यालय, सिम्रौनगढको जिम्मा लगाएको सशस्त्र प्रहरीले जनाएको छ।


तस्वीर: प्रतीक




### शीर्ष नेता अभियान....

तर्फबाट शीर्ष नेताहरूले एकाएक चुनावी माहोल तताउनेगरी अभियान केन्द्रित गरेपछि मतदातामा पनि सकारात्मक प्रभाव परेको छ।

जनकपुरमा आयोजित संयुक्तसभामा गठबन्धनमा आबद्ध पार्टीका शीर्ष नेताहरूले 'रोड शो' आयोजना गरी मतदातालाई सक्रिय निर्वाचनमा सहभागी हुन आह्वान गरे। नेपाली काङ्ग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले सभालाई सम्बोधन गरे। त्यस्तै नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, नेपाली काङ्ग्रेसका नेता जितेन्द्रदेव लगायत नेताले जनकपुरमा रोड शो आयोजना मात्रै गरेनन्, गठबन्धन किन आवश्यक पऱ्यो भन्नेबारे धारणासमेत राखे।

कार्यक्रममार्फत गठबन्धनका शीर्ष नेताले आफ्नो पक्षमा मतसमेत मागे। संविधान, गणतन्त्र, समावेशी, समानुपातिक प्रतिनिधित्वका लागि साझा मोर्चा बनाएको उल्लेख गर्दै उनीहरूले सक्रियताका साथ निर्वाचनमा सहभागी हुन आग्रह गरे।

गठबन्धनका तर्फबाट शीर्ष नेता नै देशव्यापीरूपमा चुनावी अभियानमा निस्केपछि एकाएक निर्वाचनको माहोल बढेको र मतदाता पनि योग्य उम्मेदवार छनोट गर्ने दिनको व्यग्रताका साथ प्रतीक्षा गरिरहेका छन्। निर्वाचन आयोगले पनि मतदानका लागि आवश्यक तयारी युद्धस्तरमा अगाडि बढाएको छ।

गठबन्धनले छवटा महानगर, ११ उपमहानगरलगायत देशभर नै संयुक्त उम्मेदवार खडा गरेको छ। चितवनको भरतपुरमा रेणु दाहाल प्रमुख र चित्रसेन अधिकारी उपप्रमुखको उम्मेदवार छन्। काठमाडौं महानगरको प्रमुखमा सिर्जना सिंह र उपप्रमुखमा रामेश्वर श्रेष्ठ उम्मेदवार छन्।

तनहुँमा आयोजित चुनावीसभालाई सम्बोधन गर्दै नेपाली काङ्ग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले गठबन्धन राष्ट्रिय आवश्यकता भएको बताए। उनले गठबन्धन राष्ट्रिय आवश्यकता भएकोले यसलाई सफल बनाउन सबै दल प्रतिबद्ध रहेको उल्लेख गरे। सभापति देउवाले काङ्ग्रेसको नेतृत्वमा रहेको गठबन्धन स्थानीय तह निर्वाचनका लागि मात्रै नभई प्रदेश र प्रतिनिधिसभा निर्वाचनसम्म कायम रहने दाबी गरे।

प्रधानमन्त्री देउवाले स्थानीय तहको चुनाव हुन्छ भन्ने कुरा कमैले पत्याएको भन्दै देश चुनावमा होमिएको बताए। "धेरैलाई चुनाव हुन्छ भन्ने कुरामा भ्रम थियो, तर देशमा चुनावको माहोल छ"–देउवाले भने। प्रधानमन्त्री देउवाले एमाले अध्यक्ष केपीशर्मा ओलीको सरकारबाट जनताले मुक्ति पाएको भन्दै केपी ओलीको नेतृत्वमा संसद् अवरूद्ध गरी सरकारलाई काम गर्न नदिइएको बताए।

त्यस अघि बुटवलमा आयोजित सभामा पनि प्रधानमनत्रीले गठबन्धनको आवश्यकता र अमेरिकी सहयोग परियोजनाका सन्दर्भमा आफ्नो मन्तव्य केन्द्रित गरेका थिए। त्यति मात्रै नभई उनले बुद्धको जन्मस्थल लुम्बिनीको विकासमा सरकार लागिपर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। हालै संसद्बाट अनुमोदन भएको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) विनाब्याजको अमेरिकी अनुदानको परियोजना भएको स्पष्ट पारे।

स्थानीय तहको निर्वाचनमा सबैभन्दा बढी सङ्ख्यामा उम्मेदवारी परेको मधेस प्रदेशको राजधानी जनकपुरमा आयोजित संयुक्त चुनावीसभाको राजनीतिक महत्त्व रहेको भन्दै माओवादी अध्यक्ष प्रचण्डले भने–"मधेस र मधेसी जनताको सुखदुःखको पार्टी नै माओवादी हो।"

निर्वाचन आयोगका अनुसार मधेस प्रदेशमा सबैभन्दा बढी ४० हजार ९२४ उम्मेदवारी परेको छ। अन्य प्रदेशको तुलनामा मधेस प्रदेशमा झन्डै दोब्बर उम्मेदवारी परेको छ। मधेस प्रदेशमा नगरपालिकाको प्रमुखमा एक हजार ४२० जनाको उम्मेदवारी, उपप्रमुख ६३८, गाउँपालिकाका अध्यक्ष ८९३, उपाध्यक्ष ४७९ उम्मेदवारी परेको छ। मधेसमा एक महानगर, तीन उपमहानगर, ७३ नगरपालिका र ५९ गाउँपालिका गरी कुल १३६ स्थानीय तह छन्।

गठन्धनले आइतवार मात्रै देशका तीन स्थानमा संयुक्त चुनावीसभा आयोजना गरेको छ। कास्कीको पोखरा महानगरपालिकामा आइतवार बिहान ११ बजे सभा आयोजना गरिएको छ। दिउँसो दाङको घोराही र तुलसीपुरमा संयुक्त कार्यक्रम हुनेछ। यस्तै २६ गते धनगढी र २७ गते बाराको जीतपुरसिमरामा चुनावी अभियान अन्तर्गत शीर्ष नेताले सम्बोधन गर्ने कार्यक्रम छ।

चुनावीसभालाई जनकपुरमा सम्बोधन गर्दै जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको रक्षाका लागि पाँच दलीय गठबन्धन गरिएको बताए। उनले शीर्ष नेताहरूको साझा प्रयासका कारण देशभर निर्वाचनको माहोल बढेर गएकोमा प्रसन्नता व्यक्त गर्दै इमानदार भएर अभियानमा लाग्नसमेत सबै नेता तथा कार्यकर्तालाई आग्रह गरे।

त्यसो त एमाले अध्यक्ष केपीशर्मा ओली पनि चुनावी अभियानमा सक्रिय रहेको सो पार्टीले जनाएको छ। स्वतन्त्र उम्मेदवार पनि आआफ्नो एजेन्डा लिएर अभियानमा केन्द्रित भएका छन्। यसले अपेक्षितरूपमा चुनावी अभियान सक्रिय रूपमा अगाडि बढेको छ। नेपालको संविधान जारी भएपछि दोस्रोपटक हुन लागेको स्थानीय तहको निर्वाचनले लोकतन्त्रलाई सुदृढ मात्रै गर्दैन जनताले घरआँगनमा आफ्नो सरकार पाउँछ।

"लोकतन्त्रको आधारशीला:
व्यावसायिक र जिम्मेवार
पत्रकारिता"

नेपाल सरकार
विज्ञापन बोर्ड